# विशेष अदालत काठमाडौं

## प्रेस विज्ञप्ती

नेपालको न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा अन्य न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था नेपालको संविधानको धारा १२६ मा रहेको छ । विशेष अदालत ऐन, २०५९ बमोजिम मिति २०५९ साल भाद्र ६ गते विशिष्टिकृत अदालतका रुपमा विशेष अदालतको स्थापना भएको हो। यस अदालतले नेपालको संविधान, प्रचलित कानून र अन्तरराष्ट्रिय रुपमा स्थापित न्यायका मान्य सिद्धान्तअनुसार न्याय सम्पादन गर्दै आएको छ । हाल यस अदालतलाई भ्रष्टाचार निवारण ऐन,२०५९ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ अन्तर्गतका मुद्दाहरुको शुरु कारवाही र किनारा गर्ने क्षेत्राधिकार प्राप्त रहेको छ। आ.व.२०७६/७७ मा यस अदालतबाट भएका न्याय सम्पादन सम्बन्धी मुख्य मुख्य विवरण समेटेर सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ती प्रकाशन गरिएको छ ।

### १.मुद्दाको लगत फछ्र्यौटतर्फ

चालु आर्थिक वर्षको असार मसान्तसम्म यस अदालतमा गत आ.व.बाट जिम्मेवारी सरी आएको ३९३ थान र यस आ.व.को नयाँ दर्ता ४५० थान गरी जम्मा ८४३ थान मुद्दाको लगत देखिएकोमा १७८ थान मुद्दा फछ्र्यौट भई ६६५ थान मुद्दा फछ्र्यौट हुन बाँकी रहेका छन्। फछ्र्यौट हुन बाँकी मुद्दा मध्ये २ वर्ष नाघेको मुद्दा ३१ थान, १८ महिनादेखि २ वर्ष भित्रको ३९ थान, र १८ महिना भित्रका ५९५ थान रहेको छ । कोरोना भाईरस (कोभिड-१९) को महामारीका कारण फागुन मसान्तसम्मको फछ्र्यौट गर्नुपर्ने मुद्दाको लक्ष्य संख्या १८८ लाई आधार मान्दा १७८ थान मुद्दा फछ्र्यौट भई ९४.६८ प्रतिशत लक्ष्य हासिल भएको छ । यस आ.व.मा यस अदालतबाट भएका जम्मा १७८ थान फैसला मध्ये १३३ थान ठहर र २० थान आंशिक ठहर गरी ८५.९६ प्रतिशत तथा २४ थान सफाई र १ थान खारेज गरी १४.०४ प्रतिशत मुद्दा फछ्र्यौट भएका छन्।

विशेष अदालत काठमाडौं २०५०

आ.व.०७१/७२ देखि आ.व.०७६/७७ सम्म यस अदालतमा रहेका मुद्दाको लगत फछ्र्यौट र बाँकीको तुलनात्मक अवस्था निम्नानुसार रहेको छ ।

| विवरण | आ.व. २०७१/०७२ | आ.व. ०७२/०७३ | आ.व. ०७३/०७४ | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ |
|---|---|---|---|---|---|---|
| जम्मा लगत | ५२३ | ४७२ | ४१४ | ४२९ | ६२३ | ८४३ |
| फछ्र्यौट | २१० | २२८ | १८२ | १७६ | २३० | १७८ |
| बाँकी | ३१३ | २४४ | २३२ | २५३ | ३९३ | ६६५ |

## २.न्यायपालिकाको रणनीतिक योजनाको कार्यान्वयन र बार्षिक कार्ययोजना

न्यायपालिकाको चौंथो पञ्चवर्षीय रणनीतिक योजनाले निर्दिष्ट गरेअनुरुप विशेष अदालतले वार्षिक कार्य योजनाको तर्जुमा गरी सोको प्रभावकारी र बस्तुनिष्ठ कार्यान्वयन मार्फत न्याय सम्पादनलाई सहज, सरल एवं प्रभावकारी बनाउने सन्दर्भमा आ.व.२०७७/७८ को वार्षिक कार्य योजना निर्माणको लागि सदस्य माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारूज्यूको संयोजकत्वमा ५ सदस्यीय कार्यटोली गठन गरिएको छ ।उक्त कार्ययोजना निर्माण गरी मिति २०७७।०४।१५ सम्म सम्मानित सर्वोच्च अदालतमा पठाउनुपर्ने अवस्था रहेको छ ।

## ३.भौतिक एवं जनशक्ति व्यवस्थापन

मुद्दाको संख्या अत्यधिक रुपमा वृद्धि हुँदै गइरहेको परिप्रेक्ष्यमा आफ्नै भवन नहुनु, वन परिसरको भवन प्रयोग गरिएकोमा हाल सो भवन समेत पर्याप्त नहुनु एउटा समस्याको रुपमा रहेको छ भने अर्को समस्याको रुपमा कार्यचापको तुलनामा विद्यमान जनशक्ति न्यून रहेको अवस्था छ । यस सन्दर्भमा थप भवन निर्माणको लागि शहरी विकास तथा भवन निर्माण विभागसँग समन्वय भैरहेको छ भने आवश्यक जनशक्तिको लागि सम्मानित सर्वोच्च अदालतसँग माग गरिएको छ ।

विशेष अदालत
काठमाण्डौं
२०५९

४.विशेष अदालत नियमावलीका सम्बन्धमा

विशेष अदालत ऐन, २०५९ को दफा २३ ले ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने व्यवस्था गरेको भएतापनि हालसम्म सो नियमावली बन्न नसकेको परिप्रेक्ष्यमा कार्यविधिमा सरलीकरण, फैसला कार्यान्वयन संयन्त्रको स्थापना र कार्यविवरणको निर्धारण गर्न नियमावली तर्जुमाको लागि यस अदालतबाट मिति २०७७।०३।२१ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पत्राचार गरिएको छ ।

५.फैसला लेखनतर्फ

चालु आर्थिक वर्ष भित्र भएका कुल १७८ थान फैसला मध्ये १७४ थान मुद्दाको फैसला लेख्ने कार्य सम्पन्न भैसकेको छ । बाँकी ४ थान मुद्दाको फैसला लेखनको कार्य अन्तिम चरणमा पुगेको छ ।

६.धरौटी/राजश्वतर्फ

धरौटीतर्फ गत आ.व को अ.ल्या. रु. ४०,५६,१८,०७३।७३, यस आ.व.मा प्राप्त रु. १४,२६,४३,०९२।-, गरी जम्मा रु.५४,८२,६१,१६५।७३ मध्ये यस आ.व.मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई रु. १,८९,६५,०५५।- र मुद्दाका सम्बन्धित पक्षहरुलाई रु.१,३३,५४,३७५।- गरी जम्मा रु.३,७३,१९,४३०।- फिर्ता भएको छ। साथै यस अदालतका फैसलाबमोजिम भएको जरिवाना बापत रु.३,३३,७२,०००।- धरौटी सदरस्याहा गरिएको छ ।कूल धरौटी मध्ये फिर्ता र सदरस्याहा भएको जम्मा रकम रु.७,०६,९१,४३० घटाउँदा बाँकी मौज्दात रु.४७,७५,६९,७३५।७३ रहेको छ । राजश्व तर्फ न्यायिक दण्ड जरिवानामा रु.३,३३,७२,०००।- र न्यायिक दस्तुर बापत रु.५,५६,८३०।- गरी जम्मा रु.३,३९,२८,८३०।- आम्दानी भएको छ ।

अन्त्यमा, यस अदालतले नेपालको संविधान, प्रचलित कानून र अन्तरराष्ट्रिय रुपमा स्थापित न्यायका मान्य सिद्धान्तअनुसार गर्दै आएको न्याय सम्पादन कार्यमा सरोकारवालाहरुको सद्भाव, सहयोग, समन्वय र सहकार्यको अपेक्षा गरेको छ ।

पुष्पराज पाण्डेय

प्रवक्ता

मिति २०७७।०३।३१